बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०९

आज मिति २०८२ साल मंसिर २७ गते शनिबारका दिन बिहान ०९:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेकं बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | – |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | |

**आमन्त्रित:-**

१. श्री अर्जुनप्रसाद जोशी - लेखा अधिकृत

२. श्री तिलक ठकुल्ला - अधिकृत छैटौं

३. श्री दिपेन्द्र साउद - " "

४. श्री कैलाश बलायर - क. अधिकृत

५. श्री बसन्तराज जोशी - शिक्षा अधिकृत

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

बैठक संख्या:- ०९

---

**प्रस्तावहरु:-**

१. आयोजनाहरुको ठेक्का सम्बन्धमा ।

२. संगठन सर्वेक्षण तथा व्यवस्थापन सम्बन्धमा ।

३. कार्यविधि अनुमोदन सम्बन्धमा ।

४. कार्य सञ्चालन निर्देशिका संशोधन सम्बन्धमा ।

५. बृहत खानेपानी आयोजना सम्बन्धमा ।

६. आयोजनाहरुको म्याद थप गर्ने सम्बन्धमा ।

७. विविध ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०९

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको आ.व. २०८२/०८३ को गाउँसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटअनुसार विनियोजित विभिन्न विकास निर्माणसम्बन्धी आयोजनाहरू तथा संघ सरकार/प्रदेश सरकारबाट विनियोजित निर्माण सम्बन्धि देहाय बमोजिमका आयोजनाहरु कार्यान्वयन गरी समयमै सम्पन्न गर्नुपर्ने भएकाले प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा बान्नीगढी जयगढ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ बमोजिम खरिद कार्यलाई स्वच्छ , निष्पक्ष र प्रतिस्पर्धात्मक बनाउन ई-बिडिङ्ग खरिद विधि मार्फत खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

देहायः

| क्र.स. | आयोजनाको विवरण | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | धम्कोट माडु धामीगाउँ सडक स्तरोन्नति अछाम बान्नीगढी जयगढ गाउँपालिका, ०३ | बा.ज.गा.पा.-०३ | २०,००,०००।- | |
| २. | विन्धवासिनी मा.वि. घेरा पर्खाल निर्माण अछाम जयगढ गाउँपालिका, ०६ | बा.ज.गा.पा.-०६ | २०,००,०००।- | |
| ३. | सरस्वती मा.वि. घेरापर्खाल निर्माण | बा.ज.गा.पा.-०३ | २५,००,०००।- | |
| ४. | जयगढ बरेतिलेक सडक स्तरोन्नति जयगढ गाउँपालिका, ०३ अछाम | बा.ज.गा.पा.-०३ | २५,००,०००।- | |
| ५. | मछाइना सिंचाई पोखरी निर्माण, वडा नं ४ | बा.ज.गा.पा.-०४ | ४३,२०,०००।- | |
| ६. | कृषि उपजका लागी कोल्ड स्टोर निर्माण, वडा नं. ३ बरदादेवी | बा.ज.गा.पा.-०३ | १,९०,००,०००।- | |

२. यस गाउँपालिकाको कार्यालयको विद्यमान संगठन संरचना, दरबन्दी, कार्यविवरण, कार्यभार तथा सेवा प्रवाहको अवस्थाको अध्ययन, विश्लेषण र सुधारका लागि संगठन सर्वेक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिएकाले प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतको

संयोजकत्वमा आवश्यक कर्मचारीहरू र विषय विज्ञ समावेश हुने गरी देहाय बमोजिमको संगठन सर्वेक्षण तथा व्यवस्थापन समिति गठन गर्ने, समितिले बढीमा १५ (पन्ध्र) दिन भित्र संगठन संरचना, दरबन्दी पुनरावलोकन, कार्यविवरण सुधार, कार्यप्रवाह सरलीकरण तथा सेवा प्रवाह सुदृढीकरणसम्बन्धी प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

देहाय:

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| प्रशासन शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| संयोजकले तोकेको विषय विज्ञ एक जना | - सदस्य |
| संयोजकले तोकेको एकजना अधिकृतस्तरको कर्मचारी | - सदस्य सचिव |

३. यस बान्नीगढी गाउँपालिकाको क्षेत्रभित्र भवन निर्माण कार्यलाई सुरक्षित, व्यवस्थित, मापदण्डअनुसार तथा कानुनी रूपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय भवन संहिता तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम तयार गरिएको **"बान्नीगढी जयगढ गाउँपालिकाको भवन निर्माण तथा घरनक्सा नियमन कार्यविधि, २०८२"** को मस्यौदामाथि बैठकमा छलफल गर्दा उपयुक्त देखिएकाले आवश्यक संशोधनसहित उक्त कार्यविधिलाई अनुमोदन (पास) गर्ने निर्णय गरियो।

४. यस **"यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७"** मा रहेका कतिपय प्रावधानहरू संघीय तथा प्रदेशस्तरीय प्रचलित कानुनसँग बाझिएको देखिएकाले उक्त निर्देशिकालाई वर्तमान कानुनी व्यवस्थासँग सामञ्जस्य कायम हुने गरी अद्यावधिक तथा संशोधन गर्न आवश्यक भएको हुँदा आजको गाउँ कार्यपालिकाको बैठकमा संशोधन प्रस्ताव टेबुल गरी छलफल प्रारम्भ गर्ने र प्राप्त सुझावहरू समेटी संशोधित मस्यौदालाई आगामी गाउँ कार्यपालिकाको बैठकमा पारित गर्ने गरी अगाडि बढाउने निर्णय गरियो।

५. यस गाउँपालिकाको वडा नं. ३ बददिवीमा संघीय सरकार र गाउँपालिकाको साझेदारीमा निर्माण सम्पन्न भएको जयगढ–खालगडा–छातासैन बृहत् खानेपानी आयोजना हालसम्म गाउँपालिकाको स्वामित्व तथा व्यवस्थापनमा रहेको भए तापनि उक्त आयोजनाको दीगो सञ्चालन, नियमित मर्मतसम्भार,

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०९

सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि तथा स्थानीय लाभग्राही / उपभोक्ताको सहभागिता सुनिश्चित गर्न "बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी,२०८१" मा भएको व्यवस्था तथा प्रचलित कानुनको अधीनमा रही सम्बन्धित खानेपानी उपभोक्ता समिति / लाभग्राही समूहलाई उक्त आयोजना हस्तान्तरण गर्नका लागी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

६. यस बान्नीगढी जयगढ गाउँपालिकाको वडा नं. ५ भालुमारेमा निर्माणाधिन १५ शैया अस्पताल भवन (ठेक्का नं. BJRM /NCB/W/04/2077/2078) को निर्माण कार्यको म्याद २०८२ असोज मसान्त सम्म रहेको,सो भवनको निर्माण कार्य हाल तिव्र गतिमा भैरहेको सन्दर्भमा निर्माण कम्पनी स्वाँर/एसोसियट/रञ्जितकार जे. भि. धनगढी, कैलालीले मिति २०८२ असोज ५ गते म्याद थपको अनुमतिका लागी पेश गरेको पत्र तथा पूर्वाधार विकास शाखाको भवन निर्माण कार्य सम्पन्न गर्न म्याद थप गर्न उपयुक्त नै हुने भन्ने राय तथा सिफारिस समेतका आधारमा सो भवन निर्माण कार्यको म्याद २०८२ चैत मसान्त सम्म थप गर्ने निर्णय गरियो।

साथै, बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं. २ जनालीकोटमा वडा नं. २ को जनालीकोट स्वास्थ्य चौकी भवन निर्माणका लागी आ.व. २०८१/०८२ मा सुदूरपश्चिम प्रदेश सरकारको विशेष अनुदान मार्फत रु ३५ लाख बजेट विनियोजन भएको र गाउँपालिकाको तर्फबाट सो भवन निर्माणका लागी थप रु १० लाख बजेट बिनियोजन भई रु ४५ लाखको ठेक्का भई निर्माण सुरु भएकोमा आ.व. २०८१/०८२ मा निर्माण सम्पन्न हुन नसकि थप बजेट र समयको आवश्यकता भएको र गाउँसभाबाट आ.व. २०८२/०८३ का लागी रु. १५ लाख बजेट विनियोजन भएको तथा मिति २०८२ असार ३२ गतेको गाउँ कार्यपालिका बैठकबाट असोज मसान्तसम्म निर्माण कार्यका लागी म्याद थप्ने निर्णय भएकोमा निर्माण व्यवसायिको तर्फबाट तोकिएको समयभित्र काम सम्पन्न हुन नसकिने भनि छ महिना म्याद थपको लागी मिति २०८२ असोज ५ गते निवेदन पेश भएको र छ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी म्याद थप गर्दा उपयुक्त नै हुने भन्ने पूर्वाधार विकास शाखाको राय एंवम सिफारिसका आधारमा उक्त जनालीकोट स्वास्थ्य चौकी भवन निर्माण कार्यको म्याद आगामी २०८२ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०९

---

७. यस बान्नीगढी जयगढ गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको निवास व्यवस्थापन गर्न आवश्यक देखिएको र हाल गाउँपालिकाको स्वामित्वमा उपयुक्त आवासीय सुविधा उपलब्ध नभएको अवस्था विद्यमान रहेकोले प्रचलित कानुन बमोजिम गाउँपालिकाको तर्फबाट मिति २०८२ मंसिर १ गतेदेखि भाडा तिर्ने गरी एक कोठा भाडामा लिने तथा कोठा भाडा लिने क्रममा भाडा दर, स्थान, सुविधा तथा सम्झौताका शर्तहरू प्रचलित कानुन बमोजिमको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्न स्वीकृति दिने निर्णय गरियो।